राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ४५१/२०७१/०७२

दोलखा जिल्ला जिरी नगरपालिका-९ बस्ने विश्वनीति प्रकाशमान सिंह ............................१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, भूमि सुधार तथा व्यवस्था विभाग, बबरमहल, काठमाडौं ............................१ विपक्षी
सूचना अधिकारी, भूमि सुधार तथा व्यवस्था विभाग, बबरमहल, काठमाडौं ............................१

विषय :- सूचना उपलब्ध गराउन आदेश गरि पाउँ ।

दोलखा जिल्ला जिरी नगरपालिका-९ बस्ने विश्वनीति प्रकाशमान सिंहले भूमि सुधार तथा व्यवस्था विभाग, बबरमहल, काठमाडौं समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।१८ मा निवेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई (सात) दिन भित्र उपलब्ध गराउनु भनी भूमि सुधार तथा व्यवस्था विभाग, बबरमहल, काठमाडौंका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिलं

१. भूमिसुधार तथा व्यवस्था विभाग, बबरमहलमा छुट जग्गा दर्ता सम्बन्धी के कस्तो व्यवस्था र निर्णयहरु भएका छन् सम्पूर्ण विवरणको प्रतिलिपि ।

२. तल तालिकामा दिएका कित्ताहरुको यर्थाथ विवरण ।

| क्र.सं | जिल्ला | गाउँ/नगर | वडा | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | भोजपुर | भोजपुर न.पा | ७ | १७४ | | सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता भएको |
| २ | भोजपुर | भोजपुर न.पा | ७ | १८० | | " |
| ३ | भोजपुर | भोजपुर न.पा | ७ | १२४२ | | " |
| ४ | भोजपुर | भोजपुर न.पा | ७ | १२४३ | | " |
| ५ | भोजपुर | भोजपुर न.पा | | १२४४ | | " |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | भोजपुर | भोजपुर न.पा | ७ | १२४५ | | " |
| ७ | भोजपुर | भोजपुर न.पा | ७ | १२४६ | | " |
| ८ | भोजपुर | भोजपुर न.पा | ७ | १३३२ | | " |
| ९ | भोजपुर | भोजपुर न.पा | ७ | १२४८ | | " |
| १० | भोजपुर | भोजपुर न.पा | ७ | १२५४ | | " |
| ११ | भोजपुर | भोजपुर न.पा | ७ | १३२९ | | " |
| १२ | भोजपुर | भोजपुर न.पा | ७ | १३३० | | " |
| १३ | भोजपुर | भोजपुर न.पा | ७ | १३६० | | " |
| १४ | बर्दिया | सोहरवा बढैया | ७ | ११६१ | | " |
| १५ | बर्दिया | सोहरवा बढैया | | ३१६ | | " |
| १६ | काठमाण्डौ | बौद्ध, तिनचुली | | ३३ साविक हालको २३२ | | किर्ते जालसाजी गरी जग्गा पास गरेको |
| १७ | काठमाण्डौ | बौद्ध | | ४१ | | |
| १८ | काठमाण्डौ | बौद्ध | | ४४ | | |
| १९ | काठमाण्डौ | बौद्ध | | ५२ | | |
| २० | रसुवा | चिलिमेको सार्वजनिक सान्जेकखर्क | | | | सार्वजनिक खर्क व्यक्तिको नाममा दर्ता |
| २१ | काठमाण्डौ | बुद्धनगरस्थित सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता | | | २-३-०-१ | |
| २२ | काठमाण्डौ | महानगरपालिका | ४ | | ५-११-०-२ | भत्केको पुलको गोकनेश्वर पन्चाङ्ग गुठीको जग्गा व्यक्तिको नाममा दर्ता |

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम ।